# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
गागलफेदी , काठमाडौँ

बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.:
१६६००१२०१०१०१


पत्र संख्या: २०७८।०७९

मिति:२०७८।०९।०९

### पशु पन्छी तथा मत्स्य प्रवर्धन कार्यक्रम संचालन सम्बन्धि सूचना

### कागेश्वरी मनोहरा नगरपालिका, डाँछी, काठमाडौं ,

### प्रथम पटक प्रकाशित मिति २०७८।०९।०९ गते

आ.व २०७८।०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु "पशु पन्छी मत्स्य प्रवर्द्धन कार्यक्रम संचालन प्रकृया २०७८" बमोजिम गर्न ईच्छुक कृषक, सहकारी संस्था, कृषक समूह/ समिति/निजि संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले २१औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्तहुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने ब्यहोरा जानकारी गराईन्छ।

| क.सं | कार्यक्रम | संख्या | प्रति ईकाई अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १) | पशु पन्छी बजार प्रवर्द्धनका लागि मिट मार्ट स्थापना | १ | २९,९४०००। | ८०% अनुदान |

**मिट मार्ट स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।**

- आउटलेट न्यूनतम ८०० वर्ग फिटको हुनु पर्नेछ।
- भित्तामा ६ फिट सम्म सेतो टाईल लगाईएको हुनुपर्ने छ र भुईमा सेतो टाईल वा मार्वल लगाईएको हुनु पर्नेछ।
- मिर्ट मार्ट बातानुकुलित हुने ब्यवस्था गर्नु पर्नेछ।
- कारोबार क्षमता अनुसार आवश्यक संख्यामा डिस्पले रेफ्रिजेरेटर राख्नु पर्नेछ।
- बिभिन्न प्रकारको मासु छुट्टा छुट्टै राखि बिक्रि बितरण गर्नु पर्नेछ।
- प्याकेजिङ गरिएको बिभिन्न किसिमको मासुलाई अलग अलग रेफ्रिजरेशन गर्नु पर्नेछ।
- पसलमा चिस्यान कायम गर्न बिजुलिको बैकल्पिक ब्यवस्था भएको हुनु पर्नेछ।
- गुणस्तर तथा नाप तौल बिभागबाट प्रमाणि ईलेक्ट्रोनिक ब्यालेन्स हुनु पर्नेछ।
- मासु टुक्राउने, प्याकिङ र लेबल गर्ने मेशिन छुट्टै कोठमा हुनु पर्नेछ।
- मिट मार्ट संचालन हुने क्षेत्र भित्र पशु बध गर्न पाईने छैन।
- मिट मार्टमा कोल्ड रुम रहनु पर्नेछ।
- पकाएको मासु पनि बिक्रि गर्ने हो भने काचो र पकाएको मासुलाई भिन्दा भिन्दै क्षेत्रमा राखि बिक्रि गर्नु पर्नेछ।
- ३ फेजको लाईन वा Voltage पुग्ने ब्यवस्था गर्नु पर्नेछ।

निवेदन र संक्षिप्त ब्यवसायिक कार्य योजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रकिया यस कागेश्वरी मनोहरा नगरपालिकाको बेवसाईट www.kageshworimanohoramun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा सम्बन्धित वडा कार्यालय र पशु सेवा शाखा गागलफेदीबाट प्राप्त गर्न सकिनेछ। अन्य थप जानकारीको लागि फोन नं ९८४२०७१५९६, ९८४१४४५१२९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

राम बहादुर देउजा

पशु चिकित्सक(आठौं)

शाखा प्रमुख